नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(..........अनुमतिपत्र महाशाखा..........)


फोन नं. ४४३४११९, ४४११५३७ / १४४५५९१, ४४३९३६७

फ्याक्स ४४३५९०३

पोष्ट बक्स नं. २५०७

सानोगौचरण

काठमाडौं, नेपाल


पत्र संख्या :- ०७६/७७

च.नं. 1960

मितिः ..........२०७६/११/२०

विषयः- फेदी खोला (थुम्लुङ्ग) जलविद्युत आयोजना — ३.५२ मे.वा. को विद्युत उत्पादनको अनुमतिपत्र बारे।

श्री फेदीखोला हाइड्रो पावर कम्पनी प्रा.लि.  
तिनकुने, काठमाण्डौ ।  
फोन नं. ०१-४४८२४३७  
मोबाइल ९८५१२२१३७२ (प्रकाश चन्द्र दुलाल, संचालक)

उपरोक्त विषयमा तहाँ श्री फेदीखोला हाइड्रो पावर कम्पनी प्रा.लि. ले फेदी खोला (थुम्लुङ्ग) जलविद्युत आयोजना (३.५२ मे.वा.) को विद्युत उत्पादनको अनुमतिपत्र पाउन मिति २०७६/०६/०२ मा दिएको दरखास्त अनुसार विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभागको मिति २०७६/११/१५ को निर्णयानुसार मिति २०७६/११/१५ देखि मिति २१११/११/१४ सम्म ३५ वर्ष बहाल अवधि रहने गरी जारी भएको ३.५२ मे.वा. क्षमताको फेदी खोला (थुम्लुङ्ग) ज.वि.आ. को विद्युत उत्पादनको अनुमतिपत्र (अनुमतिपत्र संख्या वि.वि.वि. २०७६/७७ वि.उ. २९३) यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

*संलग्नः फेदी खोला (थुम्लुङ्ग) जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र (अनुमतिपत्र संख्याः वि.वि.वि. २०७६/०७७ वि.उ. २९३) ।*

(पदम प्रसाद देवकोटा)  
ईन्जिनियर

बोधार्थ :

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरवार ।

श्री विद्युत विकास विभाग

- आयोजना अध्ययन महाशाखा
- अनुमतिपत्र महाशाखा
- आयोजना अनुगमन, सुविधा सिफारिश तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
- योजना वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा
- आर्थिक प्रशासन शाखा : *प्रवर्द्धकबाट मिति २०७५/१२/१९ मा आ.र.नं. ६४४२ ध.बै.भौ.नं. ०५११९७ बाट रु. ५,००,०००/०० ( रु. पाँच लाख मात्र ) विद्युत उत्पादनको अनुमतिपत्र दस्तुर वापत जम्मा गरेको धरौटी राजस्व खातामा जम्मा हुन ।*

श्री साल्पसिलिछो गाउँपालिका, प्रदेश नं. १, भोजपुर ।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

## विद्युत उत्पादनको अनुमतिपत्र

(फेदी खोला (थुम्लुङ्ग) जलविद्युत आयोजना — ३.५२ मे.वा.)

अनुमतिपत्र संख्याः वि.वि.वि. २०७६/७७ वि.उ. २९३

श्री फेदीखोला हाइड्रो पावर कम्पनी प्रा.लि.
तिनकुने, काठमाण्डौ ।

महाशय,

विद्युत उत्पादनको अनुमतिपत्र पाउनको लागि मिति २०७६/०६/०२ मा दिनु भएको दरखास्त अनुसार देहायका विवरणहरु खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम १७ बमोजिम देहायका शर्तहरु सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

**१.अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थांको पूरा नाम र ठेगानाः**

श्री फेदीखोला हाइड्रो पावर कम्पनी प्रा.लि.
तिनकुने, काठमाण्डौ ।
फोन नं. ०१-४४८२४३७
मोबाइल ९८५१२२१३७२ (प्रकाश चन्द्र दुलाल, संचालक)

**२. परियोजनाको नाम** : फेदी खोला (थुम्लुङ्ग) जलविद्युत आयोजना ।

परियोजनाको प्रकार : Run of River Type ।

जडित क्षमता : ३.५२ मेगावाट ।

सरदर वार्षिक विद्युत उत्पादन : २०.६७८ गिगावाट घण्टा विद्युत ऊर्जा ।

**३.विद्युत शक्ति उत्पादन गर्ने स्रोत** : जलस्रोत ।

**४. जलस्रोत उपयोग गरिने भए :**

(क) नदीको नाम : फेदी (थुम्लुङ्ग) खोला ।

(ख) जलस्रोत उपयोग गर्न पाइने क्षेत्र

(अ) प्रदेश : प्रदेश नम्बर १ ।

(आ) जिल्ला : भोजपुर ।

(इ) गा.पा./न.पा. : साल्पसिलिछो गाउँपालिका।

(ई) पूर्व : ८७° ०१' ३२" पूर्वी देशान्तर ।

पश्चिम : ८७° ००' २९" पूर्वी देशान्तर ।

उत्तर : २७° २३' ००" उत्तरी अक्षांश ।

दक्षिण : २७° २२' १३" उत्तरी अक्षांश ।

(ग) प्रयोग गरिने जलस्रोतको परिमाण : डिजाईन डिस्चार्ज (Design Discharge at $Q_{45\%}$) २.६१ घनमीटर प्रति सेकेण्ड र १६१.९१ मी. ग्रस हेड प्रयोग गरिनेछ ।

नेपाल सरकार
विद्युत विकास विभाग
२०५०

## ५. मुख्य मुख्य संरचनाहरुको विवरण र रहने स्थानः

आयोजनाका मुख्य संरचनाहरु फेदी (थुम्लुङ्ग) खोलाको बाँया किनारमा पर्दछन भने बाँध स्थल लावारे र भोटे खोलाको संगम स्थलको करिब १२५ मीटर तल फेदी (थुम्लुङ्ग) खोलामा रहेको छ ।

### क) बाँध, अन्डर सुलुस र इन्टेक (Weir, under sluice and intake):

आयोजनाको लागि पानी फर्काउने बाँध (Diversion Weir) को लम्वाई १७.० मीटर र उचाई २.९५ मीटर हुनेछ भने बाँधको Crest Level Elevation समुन्द्री सतहबाट ११०३.७५ मी. र बाँध स्थलमा अधिकतम जल सतह (Maximum Water Level) समुन्द्री सतहबाट ११०६.८९ मी. मा हुने गरी निर्माण गरिनेछ । खोलामा २ वटा १.६ मी. चौडाई तथा १.२५ मी. उचाई भएको Side Intake निर्माण गरिनेछ । Side Intake बाट आएको पानीलाई १३ मी. लम्वाई, २.२ मी. चौडाई तथा २.६ मी. उचाई भएको Gravel Trap र ३२ मीटर लम्बाई भएको Approach Canal हुँदै बालुवा थिग्ग्राउने पोखरी (Settling Basin) मा लगिनेछ । बाँधको बाँया किनारामा एउटा Vertical Stop Log Gate सहित २.० मी. चौडाई र २.० मी. उचाई भएको एउटा Bay भएको अण्डरस्ल्युस ( Undersluice) निर्माण गरिनेछ । जलथल आवत जावत गर्न तथा तटीय क्षेत्रमा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए बमोजिम न्युनतम बहावको पानी वर्षभरी अविछिन्न रुपमा छोड्ने प्रयोजनको लागि आवश्यक संरचना निर्माण गरिनेछ ।

### ख) बालुवा थिग्ग्राउने पोखरी (Desander):

Approach Canal हुँदै आएको पानीलाई ५० मी. कुल लम्वाई तथा ४.५ मीटर चौडाई र ३.० मी. उचाईको २ वटा च्याम्वर भएको बालुवा थिग्ग्राउने पोखरी हुदै हेडरेस पाइप सम्म लगिनेछ ।

### ग) हेडरेस पाईप (Headrace Pipe) र सर्ज पाईप (Surge Pipe ):

बालुवा थिग्ग्राउने पोखरीबाट निस्केको पानी एक Bell Mouth आकारको इन्टेक मार्फत २१५० मी. लम्वाई र १.३ मी. भित्रि व्यास भएको Headrace Pipe द्वारा ४८ मी. लम्बाई र ३ मी. व्यास भएको सर्ज पाईपमा लगिनेछ।

### घ) पेनस्टक पाईप (Penstock Pipe):

सर्ज पाइपबाट निस्केको पानीलाई २६२ मी. लम्वाई र १.२ मी. व्यास भएको Penstock Pipe हुदै सतही विद्युत गृह सम्म पुर्याइनेछ ।

### ङ) विद्युत गृह (Power house):

पेनस्टक पाइप हुदै पानीलाई २३ मी. लम्वाई ११.४ मी. चौडाई तथा १३.९५ मी उचाई भएको सतहि (Surface Powerhouse) विद्युत गृहमा लगिनेछ । जहाँ १८०० कि.वा. क्षमताको २ वटा Horizontal Axis Pelton Turbine र २०७१ के.भि.ए. (pf = 0.85) क्षमता भएको २ वटा जेनेरेटरबाट ३.५२ मे.वा. विद्युत उत्पादन गरिनेछ। विद्युत गृहमा कन्स्ट्रक्सन पावर र ब्याकअप पावरका लागि दुई वटा ५0 के.भी.ए. र १०० के.भी.ए. को डिजेल जेनरेटरहरु प्रयोग गरिनेछ ।

### च) टेलरेस क्यानल (Tailrace Canal):

विद्युत उत्पादन पछि ३९.६ मी. लम्वाई, २.५ मी चौडाई र ०.८५ मी. उचाई भएको टेलरेस क्यानल द्वारा पुनः फेदी (थुम्लुङ्ग) खोलामा पानी छोडिनेछ । आयोजनाको Tail Water Level समुन्द्री सतहबाट कम्तिमा ९३७.५ मी. रहनेछ ।

छ) प्रसारण लाईन (Transmission Line):
विद्युत गृहबाट उत्पादित विद्युत लाई सोही स्थानमा बनाइने ११ के.भि.को स्विचयार्डमा जडान हुने Single phase १ वटा ५.० एम. भी. ए. ५० हर्जको ट्रान्सफरबाट करिव ५.० कि.मी. लामो ११ के.भी Single Circuit प्रशारण लाईन मार्फत प्रस्तावित अपर ईर्खुवा खोला जलविद्युत आयोजनाको स्वीचयार्डमा जोडिनेछ ।।

६. अनुमतिपत्र बहाल रहने अवधिः
मिति २०७६/११/१५ देखि २१११/११/१४ सम्म

७. अन्य शर्तहरुः
क) निम्न कागजातहरु तथा सोमा हुने संशोधन समेत यस अनुमतिपत्रको अभिन्न अङ्गको रुपमा रहनेछन्।
अ) Feasibility Study Repor of Phedi Khola (Thumlung) Hydropower Project, August 2017, Main Report (volume-I) and Design Drawings (volume-II).
आ) फेदी खोला (थुम्लुङ्ग) ज.वि.आ. को स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तथा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभागको मिति २०७५/१२/२८ पत्र संख्याः २०७५/०७६ च.नं. २५२९ मा उल्लेख गरिएका बुँदाहरु समेत ।
इ) त्यस संस्था र नेपाल विद्युत प्राधिकरण बीच २०७५ आश्विनमा सम्पन्न भएको PPA तथा त्यसमा हुने संशोधन समेत ।

ख) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा सोको लागि आवश्यक पर्ने फिल्ड अन्वेषणको कार्य, सुरक्षात्मक व्यवस्था सम्बन्धी जिम्मेवारी तथा वातावरणीय प्रभाव सम्बन्धी सम्पूर्ण उत्तरदायित्वहरु त्यस संस्थामा रहनेछ ।

ग) आयोजनाको विद्युत उत्पादन क्षमतामा असर नपर्ने गरी माथि (क) (अ) मा उल्लेखित प्रतिवेदन तथा प्रकरण (५) मा उल्लेखित मुख्य संरचनाहरुको डिजाइनमा बृहत वा उल्लेखनीय परिवर्तन गर्नुपरेमा वा संरचना नै थपघट गर्नुपरेमा सोको पूर्व स्वीकृती लिनुपर्नेछ । तर परियोजनाको निर्माणस्थलमा वातावरणीय वा अन्य प्रतिकूल असर नपर्ने गरी परियोजनाको स्थान तथा डिजाइनमा सामान्य हेरफेर वा परिवर्तन गर्नुपरेमा तत् सम्बन्धी जानकारी विद्युत विकास विभागलाई ३ (तीन) महिना भित्रमा दिई गर्न सकिनेछ ।

घ) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको क्षेत्रभन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरु (जलाशयबाट सिर्जना हुने Back Water, Tail Water लगायत) निर्माण गर्नुपर्नेछ ।

ङ) अनुमतिपत्र जारी भएको १(एक) वर्ष भित्र विद्युत नियमावली, २०५० को नियम २१ मा तोकिए बमोजिमको समयावधि भित्र भौतिक रुपमा निर्माण कार्य शुरु गर्नुपर्नेछ र निर्माण कार्य सम्पन्न नभएसम्म प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण विद्युत विकास विभागलाई दिनुपर्नेछ । दुई वर्ष भित्र सो आयोजनाको वित्तीय व्यवस्थो (Financial Closure) सम्पन्न गर्नुपर्नेछ र उक्त समयावधि भित्र वित्तीय व्यवस्था कार्य सम्पन्न हुन नसकेमा आवश्यकता एवं औचित्यका आधारमा बढिमा एक वर्षमात्र म्याद थप गर्न सकिनेछ । उक्त अवधिमा पनि वित्तीय व्यवस्था कार्य सम्पन्न हुन नसकेमा यो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

च) आयोजना निर्माण तथा संचालन सम्भार अवधिभर वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्नका लागि वातावरण संरक्षण ऐन, २०७६ र वातावरण सम्बन्धी अन्य प्रचलित कानूनहरु पालना गर्नुपर्नेछ।

छ) उक्त आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तथा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभागको मिति २०७५/१२/२८ पत्र संख्याः २०७५/०७६ च.नं. २५२९ मा उल्लेख गरिएका बुँदाहरुमा उल्लेखित वातावरणीय प्रभाव न्यूनीकरण (Mitigation), व्यवस्थापन तथा अनुगमन, योजनामा उल्लेखित प्रावधानहरुको अधीनमा रही न्यूनीकरण तथा अनुगमनका कार्यहरु अनिवार्य रुपले कार्यान्वयन

गर्नु गराउनु पर्नेछ । न्यूनीकरण तथा अनुगमन योजनामा संशोधन गर्नु परेमा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग तथा त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ।

ज) यस अनुमतिपत्रको अवधिभर स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम जलचरको संरक्षणको लागि सुख्खा मौसमको खोलाको बहावको पानी अविच्छिन्न रुपमा छाड्ने दायित्व त्यस संस्थाको हुनेछ र सोको अनुगमन विद्युत विकास विभागद्वारा गरिनेछ। साथै सो प्रतिवेदनमा उल्लेख भए अनुसार बांध भन्दा तल्लो तटीय क्षेत्रमा पानी खोलामा छाड्न र माछाको आवत जावतको लागि सोही प्रतिवेदनमा तोकिए बमोजिम संरचना निर्माण गर्नु पर्ने दायित्व त्यस संस्थाको हुनेछ ।

झ) आयोजनाको निर्माण, संचालन तथा सम्भारका लागि कम्पनीले आयात गर्ने निर्माण उपकरण, मेशिनरी, औजार तथा सोको लागि आवश्यक पार्टपुर्जामा विद्युत ऐन, २०४९ तथा अन्य प्रचलित कानून बमोजिमको सुविधा कम्पनीलाई उपलब्ध हुनेछ । अस्थाई निर्माण उपकरण, मेशिनरी औजार तथा सोको लागि आवश्यक पार्टपुर्जाहरु प्रचलित कानून बमोजिम कम्पनीले आयात गर्न सक्नेछ ।

ञ) विद्युत ऐन, २०४९ विद्युत नियमावली, २०५० तथा अन्य प्रचलित ऐन नियमहरुको अधीनमा रही आयोजना कार्यान्वयन तथा संचालन तथा सम्भारको लागि आवश्यक पर्ने विविध स्थानीय अनुमतिपत्र तथा स्वीकृतिहरु, संचार सुविधा, विष्फोटक पदार्थ, पेट्रोलियम पदार्थ (ईन्धन), जग्गा खरीद, पानी, सडक निर्माण, शैक्षिक, स्वास्थ्य सुविधा, हेलिप्याड निर्माण लगायतका कार्यहरु गर्न तथा विदेशबाट आउने सामानहरु आयात गर्नका लागि कम्पनीले अनुरोध गरेमा विद्युत विकास विभाग, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले कम्पनीलाई आवश्यक सहयोग गर्नेछ ।

ट) विदेशी मुद्रा लगानी भएको अवस्थामा विद्युत ऐन, २०४९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ वमोजिम विदेशी विनिमयको सुविधा कम्पनीलाई उपलब्ध हुनेछ र यस्तो विदेशी लगानीका सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम आवश्यक स्वीकृतिहरु लिनुपर्नेछ।

ठ) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारको सम्पूर्ण जिम्मेवारी कम्पनीमा रहनेछ र अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सोमा समय समयमा हुने संशोधन अनुसार आयोजना चालु हालतमा नि:शुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ । हस्तान्तरण सम्बन्धी विधि र प्रक्रिया समय समयमा नेपाल सरकारले निर्देशन गरे बमोजिम हुनेछ र आयोजना हस्तान्तरण गर्दा आयोजनाको निर्माण तथा सञ्चालनको लागि खरिद गरिएको जग्गाजमिन लगायत सम्पूर्ण संरचना समेत नेपाल सरकारलाई नि:शुल्क हस्तान्तरण गर्नुपर्नेछ ।

ड) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारमा कम्पनीले प्रचलित श्रम ऐन तथा श्रम नियमावलीको अधीनमा रही सम्भव भएसम्म बढी स्थानीय सीप, श्रम, वास्तुकला, स्थानीय संस्था, विशेषज्ञ, ठेकेदार तथा निर्माण सामग्री आदिको प्रयोग गर्नुपर्नेछ ।

ढ) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भार अवधिभर यस किसिमको आयोजनाको लागि उपयुक्त स्तरको बीमाहरू गर्नुपर्नेछ । कम्पनीले आयोजनाको बीमालेखका प्रतिलिपिहरू विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ।

ण) आयोजनाको निर्माण तथा सञ्चालन/सम्भारका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री, मेशिनरी, औजार उपकरण तथा तिनका पार्टपुर्जा ढुवानी गर्ने सम्पूर्ण जिम्मेवारी कम्पनीको हुनेछ ।

त) आयकर तथा अन्य सुविधाहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

थ) त्यस संस्थाले नेपाल सरकारलाई प्रचलित ऐन बमोजिमको रोयल्टी देहाय अनुसार बुझाउनु पर्नेछ ।

अ) जडित किलोवाट वापत : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको मितिले १५ (पन्ध्र) दिनभित्र तत्पश्चात प्रत्येक वर्ष सोही समयमा ।

आ) ऊर्जा वापत : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको ४ (चार) महिनामा प्रथम पटक र त्यसपछि ४/४ महिनामा (फागुन, चैत्र, वैशाख र जेष्ठ को आषाढ १५ गते भित्र, आषाढ, श्रावण, भदौ र असोजको कार्तिक १५ गते भित्र र कार्तिक, मंसिर, पौष र माघको फागुन १५ गते भित्र)।

द) आयोजनाको क्षमता र क्षेत्र संशोधन (निर्माणको चरणमा) गरिने भएमा वा सुदृढीकरण गरिनुपर्ने भएमा विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० एवं प्रचलित अनुमतिपत्र सम्बन्धी निर्देशिका बमोजिम स्वीकृतिको लागि दरखास्त दिनुपर्नेछ र आयोजना सञ्चालनमा नआउने भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनुपर्नेछ ।

ध) त्यस संस्थाले शेयरको संरचनामा पाँच प्रतिशतभन्दा कम परिवर्तन हुने गरी शेयर खरिद बिक्री गर्नुपरेमा सोको पूर्व स्वीकृति विद्युत विकास विभागबाट लिनुपर्नेछ भने सो भन्दा बढी परिवर्तन हुने गरी शेयर खरिद बिक्री गर्नु परेमा वा सार्वजनिक रुपमा शेयर निष्कासन गर्नु परेमा विद्युत नियमन आयोगको पूर्व स्वीकृति लिनु पर्नेछ । तर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भएको कम्पनी वा संस्थाले शेयर खरिद बिक्री गर्न विद्युत नियमन आयोगको पूर्व स्वीकृति लिनु पर्ने छैन।

न) आयोजनामा सिभिल एवंम् इलेक्ट्रो-मेकानिकल सबै संरचना यस अनुमतिपत्रको प्रकरण २ मा उल्लेख वमोजिम जडित क्षमता हुनेगरी निर्माण एवंम् जडान गर्नुपर्नेछ ।

प) आयोजनाको प्रकरण २ मा उल्लेख वमोजिम जडित क्षमता अनुसार जडित क्षमता वापत रोयल्टी बुझाउनुपर्नेछ।

फ) यस आयोजनाको माथिल्लो एवं तल्लो तटमा (Upstream/Downstream) प्रस्तावित, निर्माणाधीन वा सञ्चालनमा रहेको जलविद्युत आयोजनाहरूलाई भौतिक रूपले असर नपर्ने एवं ती आयोजनाहरूसंग समन्वय गर्ने गरी निर्माण कार्य गर्नुपर्नेछ ।

ब) आयोजनाको Testing and Commissioning गर्दा विद्युत विकास विभागको प्रतिनिधि समेतको रोहवरमा गराउनु पर्नेछ ।

भ) आयोजनाको व्यापारिक उत्पादन भएको ३ महिनाभित्र आयोजनाको प्राविधिक तथा आर्थिक पक्ष समेटिएको १/१ प्रति Hard Copy र १ प्रति Soft Copy (CD) मा कार्य सम्पन्न प्रतिवेदन (Project Completion Report), आयोजना निर्माण चरणहरूको तस्बिर तथा भिडियोहरू तथा निर्माण भए बमोजिमका नक्शाहरू (As-built Drawings) विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

म) यस अनुमतिपत्रमा उल्लेखित शर्तहरूमा थपघट वा कुनै संशोधन गर्नुपरेमा प्रचलित कानुनको अधीनमा रही आवश्यकता एवं औचित्यताका आधारमा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

य) विद्युत उत्पादन अनुमतिपत्रको अवधि भर कुनै कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्वन्धित व्यक्तिलाई पूर्व-सुचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रचलित कानुन वमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

र) आयोजना निर्माण गर्दा अरू कुनै आयोजना वा भौतिक संरचना, व्यक्ति वा जमिनलाई प्रभाव पर्ने भएमा प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

ल) आयोजनाको निर्माण तथा सञ्चालनको लागि आवश्यक पर्ने निजी जग्गा सम्बन्धित जग्गा धनीहरूसंग खरिद गरी प्रर्वद्धक कम्पनीको नाममा दर्ता गर्नुपर्नेछ । सोको अद्यावधिक जानकारी विद्युत विकास विभागमा दिनु पर्नेछ । आयोजनाको लागि खरिद भएको जग्गा विक्री वितरण गर्न पाइने छैन ।

व) स्वीकृत IEE प्रतिवेदनमा निर्माणको चरणमा ठेकेदारले पालना गर्नुपर्ने भनि उल्लेख भएका सम्पुर्ण कार्यहरू र सो कार्यको पालना नहुंदा ठेकेदारको दायित्व समेत स्पष्ट खुल्ने गरि निर्माणको ठेक्का सम्झौता गर्नु पर्नेछ । सो अनुसार भएको ठेक्का सम्झौताको प्रति ठेक्का सम्झौता भएको १ (एक) महिना भित्र विभागमा पेश गर्नु पर्नेछ । स्वीकृत IEE प्रतिवेदनमा पालना गर्नुपर्ने भनि उल्लेख भएको शर्तहरू कार्यन्वयन गर्ने जिम्मेवारी त्यस संस्थाको हुनेछ।

श) विद्युत ऐन, २०४९ को दफा ३३(२) बमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई आयोजना प्रयोजनका लागि आवश्यक जग्गा प्राप्त गराई दिन वा लिजमा उपलब्ध गराउन नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

ष) आयोजनाबाट प्रभावित जिल्लाका समुदाय र व्यक्तिहरूले आयोजनामा शेयर लगानी गर्न चाहेमा प्रचलित कानुन बमोजिम व्यवस्था गर्नु पर्नेछ ।

स) निर्माणको लागि आवश्यक पर्ने मुख्य उपकरणहरूको प्रमुख परिक्षणको अवलोकन (Witness) गर्न PPA को Clause अनुसार हुने अवलोकन टोलीमा सोहि Clause अनुसार हुने गरी विद्युत विकास विभागवाट समेत कम्तिमा १(एक) जना प्राविधिक कर्मचारी खटाउनेछ ।

ह) यस अनुमतिपत्रको प्रकरण ५ (पाँच) मा उल्लेख भएका प्रत्येक संरचनाहरूको निर्माण कार्य सम्पन्न हुनु अगावै अनिवार्य रूपमा विद्युत विकास विभागलाई जानकारी गराउनु पर्नेछ । विभागले सो कार्यको स्थलगत अनुगमन र निरीक्षणको लागि आफनो प्राविधिक कर्मचारीहरू खटाउनसक्नेछ ।

क्ष) दैवीप्रकोप लगायत Force Majeure का अवस्थाहरूमा बाहेक आयोजना Shutdown गर्नुपर्ने अवस्थामा Downstream मा रहेका आयोजनाहरूमा असर पर्ने भएमा सोको क्षतिपूर्ति यस विभागको रोहबरमा प्रवर्धकले उक्त आयोजनाहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

त्र) नेपाल सरकारबाट स्वीकृत गरिएको "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र एवं कार्य योजना, २०७२" को दफा ६.१ (थ) बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको सामुदायिक विकास कार्यक्रममा कम्तिमा आयोजनाको कूल लागतको ०.७५% रकम विनियोजन गर्नु पर्नेछ । सो कार्यक्रमको विस्तृत कार्य योजना प्रभावित स्थानीय तहसंग छलफल गरी अनुमतिपत्र जारी मितिले एक वर्ष भित्र विद्युत विकास विभागमा पेश गर्नु पर्नेछ र कार्य योजनाको प्रगति प्रत्येक तीन महिनामा विभागमा पठाउनु पर्नेछ । यस कार्यको अनुगमन विद्युत विकास विकास विभाग र अन्य सम्बन्धित निकायहरुवाट गर्न सकिनेछ ।


ज्ञ) आयोजना निर्माण पश्चात गरिने मरम्मत सम्भारको कार्य विद्युत विकास विभागद्वारा तयार गरिएको "Operation & Maintenance Guidelines for Hydropower Plants, Sub-stations and Transmission Lines" समेतलाई अङ्गीकार गरी गर्नुपर्नेछ ।

कक) नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागको स्वीकृति विना यो अनुमतिपत्र कुनै प्रकारले बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५७

अनुमतिपत्र दिने अधिकारीको

सही :
नाम : नविन राज सिंह
पद : महानिर्देशक
विद्युत विकास विभाग
मिति :२०७६/११/१५



SURGE TANK
HEADRACE PIPE
POWERHOUSE
DESANDER
HEADWORKS
27°23'00"N
27°22'13"N
27°23'00"N
27°22'13"N
87°00'29"E
87°01'32"E
87°01'32"E
Gainkharka 3 km
DOBHĀNE
Dobhāne
Sālewā
Tinkhān
Syāmmā
Yāṅmā
Semmā
Wāseplā
Thumluṅ
Hāttikharka
Bumdāk
Bhoteqāū
Jhumāgadhī
Kharbāniṭol
Giddhetol
Chyāndāḍā
Lankhuwā
Nāgdaha
Limkhim
Khāṭanmā
Guphāḍāḍā
Dense mixed forest
Dense mixed forest
Phedikhola
27°22'30"
27°20'00"